Sapkota B (2017), Institutional Challenges of Forest Management (In Nepali). In S. Adhikari, R, Karki, A. Gurung, (eds), Proceedings of the First National Silviculture Workshop, Kathmandu, Nepal, 19-21 February, 2017, pp 481-486

# वन ब्यवस्थापनका संस्थागत अप्ठ्याराहरु

बिनोद सापकोटा[१]

## १. परिचय

विनाशउन्मुख बन क्षेत्रको अवस्थालाइ मध्यनजर गरी कसरी बन स्रोतको संरक्षण र विकास गर्न सकिन्छ भन्ने चिन्ताबाट माथि उठ्न र सरकारले जनतालाइ सुसूचित गर्नका लागि बिभिन्न योजना ल्याइ कार्यान्वयन गरेतापनि बन संरक्षणको सट्टा विनाश हुँदै गएपछी "हरीयो वन, नेपालको धन" "रुख रोपौ, बन जोगाऔ" जस्ता नाराहरुबाट पनि सन्देश दिन खोजेको  देखिन्छ । किनकि तत्कालीन परिस्थितिमा सबैतिर नाङगा डाँडाहरु जुन घाँसेमैदान तथा चरिचरणका हिसाबले गौचरनका रुपमा प्रयोग हुँदै आएका थिए  भने अर्कोतिर  भएको बनक्षेत्र पनि बिस्तार बिस्तार बिनाशतिर लम्कदै गएपछि यस्ता खालका नारा र सन्देशहरुको माध्यमबाट मात्र नभइ बिभिन्न समयमा जनतालाई वन जंगलबाट टाढा राख्ने गरी कडा कानुन बनाएर पनि वन संरक्षण नभएको तीतो यथार्थ हाम्रामाझ छर्लङ्ग छ । बनक्षेत्रको इतिहासलाई नियाल्दा नेपालमा प्रजातन्त्र स्थापना पश्चात वि.सं. २०१३ सालमा वन जंगलको राष्ट्रियकरण गरेपछि ल्याईएका वन ऐन, २०१८, वन संरक्षण विशेष ब्यबस्थापन ऐन, २०२४, तथा राष्ट्रिय वन योजना, २०३३ ले पनि वन विनाश रोकिएन । स्थानीय सर्बसाधारणहरु वन पैदावार पाउनबाट बञ्चित भईरहेको, वन क्षेत्रमा चौतर्फी हस्तक्षेप बढेको अबस्थामा २०३५ सालमा पंचायती वन नियमावली, पंचायत संरक्षित वन नियमावली, कबुलियति वन नियमावली ल्याई पंचायतको माध्यमबाट जनसहभागिता बढाउने प्रयास गरेतापनि वन संरक्षणमा कुनै सुधार नभएको, झनझन तत्कालीन पंचहरुले हस्तक्षेप गरी वन पैदावारको दुरुपयोग गरेको तितो यथार्थ हाम्रा माझ छर्लङग छ । यसै अबस्थालाई मध्यनजर गरी वन क्षेत्रको बिकासमा स्थानीय समुदायको संलग्नता आबश्यक छ भनी सामुदायिक वनको अबधारणालाई अंगिकार गरी ल्याईएको वन विकास गुरुयोजना २०४५, त्यसकै भावना अनुरुप बनेको वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा सामुदायिक वन निर्देशिका, २०५२ को कार्यान्वयन पछि सामुदायिक वन उपभोक्ता समूहहरु गठन गरी कानुनी रुपमा स्वायत्त बनेका हुन । वनको संरक्षण, सम्बर्धन र उपयोगको जिम्मा स्थानीय समुदायले पाएपछिको अहिलेको राष्ट्रिय पहिचान बनेको सामुदायिक वन विकास कार्यक्रम दिनानुदिन प्रभाबकारी बन्दै गएको हो । वनक्षेत्रको संरक्षण, सम्बर्धन र उपयोगको जिम्मा स्थानीय समुदायले पाए पछिको अहिलेको राष्ट्रिय पहिचान बनेको सामुदायिक वन, यसको उपलब्धी नाङ्गा चउर खर्कलाई वनाएको हरियाली नै अहिलेको सफल वन ब्यबस्थापनको अनुपम उदाहरण हो ।

१ अध्यक्ष - सामुदायिक वन उपभोक्ता महासंघ, काभ्रे

वनक्षेत्रको इतिहास तथा हालसम्मको नेपालको अबस्थालाई मध्यनजर गरी यो अवस्थासम्म वनक्षेत्रलाई ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने उपभोक्ताको योगदानको उच्च रुपमा कदर गर्नै पर्छ । यसरी वन संरक्षण सँगसगै नेपालको सामुदायिक वनलाई ब्यबस्थापनका माध्यमबाट आयआर्जन गर्न र स्थानीय दलित, आदिबासी, जनजाति तथा अबसरबाट बञ्चित समुदायको अधिकारलाई आत्मसात गरी वनक्षेत्रबाट आर्थिक कान्ति गर्नुपर्ने आवश्यकता भएतापनि सो अनुसार अपेक्षाकृत रुपमा वन ब्यबस्थापन हुन नसकेको तितो यथार्थ हाम्रा बीच छर्लङ्ग छ । नेपालको समृद्धिका सवालहरुलाइ लिएर बेलाबेलामा हुने राजनैतीक आन्दोलनले एउटा अध्याय पार गरेको छ । त्यसैले नेपालको अहिलेको आवश्यकता भनेको प्राकृतिक स्रोतको सतत् उपयोग गरी यसको दिगो रुपमा ब्यवस्थापन गर्न र सामुदायिक वनको अवधारणलाइ मुर्त रुप दिन आवश्यक छ । तर वन स्रोत ब्यबस्थापनमा थुप्रै चुनौतीहरु हाम्रा सामु पहाड बनेर उभिएका छन् । त्यसै अवस्थालाई मध्यनजर गरी बिगतका कमजोरीलाइ सच्याउँदै वन ब्यवस्थापनका लागि एउटा नयाँ अध्याय थालनीको आवश्यकता महसूस गरी यस भित्रका अपठ्याराहरु केलाउने प्रयास गरिएको छ । सामुदायिक वन ब्यवस्थापनमा स्थानीय समुदायको भन्दा पनि संस्थागत समस्याहरु वढी जिम्मेवार छन् भन्ने कुरामा सबै सरोकारवालाहरुमा जानकारी हुन जरुरी छ भनेरै यो बिषयबस्तु समेटिएको हो ।

## १.१ काभ्रे जिल्लामा सामुदायिक वन विकास कार्यक्रम : बिगत र बर्तमान

नेपालमा सामुदायिक वनको इतिहास काभ्रे जिल्लाबाटै शुरु भएको देखिन्छ । २०४५ साल अषाढ २८ गतेको मन्त्रिपरिषदको निर्णयले साबिक टुकुचा नाला गाबिस वडा नं १ स्थित सानो वनलाई नेपालकै पहिलो सामुदायिक वनको रुपमा हस्तान्तरण गरी सामुदायिक वन हस्ताणतरणको शुरुवात गरेको हो ।

बिगतमा घाँसेमैदान, खर्क, चउर तथा नाङ्गो डाँडापाखाका रुपमा रहेका काभ्रेका अधिकांश वन क्षेत्रमा बि.सं २०३२/३३ साल देखि नेपाल अष्ट्रेलिया वन परियोजनाको सहयोगमा बृक्षारोपण गर्ने कार्यको शुरुवात भएको हो भने बाँकी बनक्षेत्र संरक्षण गरे पश्चात हाल घना जंगलका रुपमा बिकसित भएका छन् । काभ्रे जिल्लाको वनक्षेत्र मध्ये करिब १०,००० हेक्टर बृक्षारोपण गरेको क्षेत्र हो जसमा सल्ला प्रजातिका रुखहरु प्रशस्त मात्रामा रहेका छन् ।

## १.२ हालको अबस्था

- सामुदायिक वन हस्तान्तरण शुरु : आ.ब. २०४४/४५
- नेपालकै पहिलो सामुदायिक वन : सानो पाण्डेगाउँ, टुकुचा गा.बि.स.
- सामुदायिक वन उपभोक्ता समूह दर्ता संख्या : ६२८ वटा
- हस्तान्तरण भएका सामुदायिक वनको संख्या : ५५९ वटा
- सामुदायिक वनले ओगटेको क्षेत्रफल : २७,६३०.७०४ हेक्टर
- सामुदायिक वन उपभोक्त समूहमा आबद्व घरधुरी संख्या : ८०,७२०
- जिल्लाको जम्मा घरधुरी संख्या : ८०,७२०
- लाभान्वित जनसंख्या : ३,१८,०१६
- जिल्लाको कूल जनसंख्या : ३,८१,९३६
- सामुदायिक वन बिकास कार्यक्रम लागु भएका : ७२ गा.बि.स.

### १.३ ठूलो आर्थिक स्रोतको सम्भावना

जिल्लामा समुदायद्वारा ब्यबस्थित वन, तथा राष्ट्रिय वन गरेर करिब ५५ प्रतिशत क्षेत्र वन जंगलको रुपमा रहेको छ। त्यसमा राष्ट्रिय वनको रुपमा महाभारत क्षेत्रको जंगल छ भने बाँकी सामुदायिक वन कबुलियति वन र केही निजी वनको रुपमा रहेका छन्। हाललाई काभ्रेमा रहेका ५५९ वटा सामुदायिक वन मध्ये तिनवटा सामुदायिक वनमा अध्ययन गर्दा करोडौं रुपैयाको काठ उत्पादन हुने देखिन्छ। यसैगरी हाल जिल्लामा बृक्षारोपण गरेका अधिकांश सामुदायिक वनहरुमा वन ब्यबस्थापन गर्न हतार भईसकेको छ। वि.सं. २०३२/३३ सालमा लगाइएका सल्लाका रुखहरु परीपक्व भइसकेका छन् र तिनीहरुको उचित ब्यबस्थापन गर्ने हो भने अरबौ रुपैयाको काठ उत्पादन हुन्छ र त्यसैबाट राज्यलाई उल्लेख्य राजस्व समेत प्रदान हुने देखिन्छ। काभ्रेका तीन वटा सामुदायिक वनमा EnLiFT परियोजनाले गरेको अनुसन्धानले यो कुराको पुष्टि गर्दछ।

| सा.व.को नाम | मुख्य प्रजाती | बार्षिक कटान क्यू. फिट | बार्षिक आम्दानी | |
|---|---|---|---|---|
| | | | सरकारी दर रेटमा | बजार मूल्यमा |
| कालापानी | ठिंग्रे सल्ला | ९२८१ | ९२८,१०० | ७,४२४,८०० |
| सा.पा.रु.पा | खोटे सल्ला | १७५० | २६२,५०० | १,३१२,५०० |
| फागर खोला | गोब्रे सल्ला | ५८८ | ५८,८०० | ४४१,००० |
| जम्मा | | | १,२४९,४०० | ९,१७८,३०० |

## २. किन हुन सकेन वन ब्यबस्थापन ?

### २.१ वन कार्ययोजना स्वीकृत भएपनि काम गर्न नपाउनु।

- सामुदायिक वन उपभोक्ता समूहले तयार गरेको बिधान तथा कार्ययोजना अनुसार काम गर्न नपाउनु प्रमुख समस्या रहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ अनुसार सामुदायिक वन उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारण, बिक्री बितरण तथा ओसार पसार सहजै गर्न पाउनु पर्नेमा वन पैदावारको कटान देखिका हरेक गतिबिधिमा जिल्ला वन कार्यालय धाउनुपर्ने बाध्यता छ। समूहले कटान आदेश पाएको काठको मूल्य नै हरेक गतिबिधिमा धाउँदा धाउदै खर्च भएर सकिन्छ अनि कसरी यो झन्झटिलो प्रक्रिया अपनाएर काम गर्न सकिन्छ ?
- बिगतमा प्रधानमन्त्रीले गरेको कुनै स्थान बिशेषको भाषणलाई आधार बनाएर साथै अन्तर्राष्ट्रिय वन वर्षका नाममा देशभरिका हरिया रुख काट्न नपाउने भनेर प्रतिबन्ध लगाइयो। जसका कारण उपभोक्ताले कार्ययोजना अनुरुप काम गर्न पाएनन् र बनक्षेत्र त्यत्तिकै अब्यबस्थित हुन गयो।
- संसदको वन तथा बाताबरण समितिले कुनै एक स्थानमा भएको वन फडानीलाई आधार बनाएर देशभरका वन पैदावार संकलन तथा बिक्री बितरणमा रोक लगाईयो। बिभिन्न भौगोलिक क्षेत्रमा रहेको फरक फरक प्रजाति अनुसार फरक फरक नीति नियम बन्नुपर्नेमा तराइका साल,

खयर जस्ता बहुमूल्य प्रजातिका काठ पाइने सामुदायिक बन र नरम साथै कम मूल्यका कुकाठ भनेर चिनिने पहाडका सामुदायिक बनमा एकै किसिमको नीति नियम लगाएर बन्देज लगाउनु कत्तिको न्यायोचित र तर्क संगत हुन्छ ?

- वन प्राबिधिकले सिफारिस गरे बमोजिम स्वीकृत भएको बार्षिक स्वीकार्य कटान समेत उपभोक्ताले कार्यान्वयन गर्न पाउँदैनन् । समुहको काठ निकाल्दा समेत पनि आन्तरिकमा ८५ प्रतिशत र बाह्यमा ६० प्रतिशतको उल्फन खडा गरिएको छ तर त्यति प्रतिशत पनि काट्न पाईदैन । स्वीकार्य कटानको १०० प्रतिशत काट्न किन नपाउने ? संचित भएर आएको काठ काट्न पनि उपभोक्ताले नपाउने भए किन संरक्षण गर्नु ? बैज्ञानिक ब्यबस्थापनका नाममा सरपट कटान गर्न हुने बार्षिक कटानको १०० प्रतिशत काट्न किन नहुने ? अहिले समुदायबाट यस्ता खालका आवाज उठिरहेका छन् तर सम्बन्धित कार्यालयहरु मौन छन् ।
- जिल्ला वन कार्यालयबाट कटान आदेश लिएर काटेको काठ समूहको माग आपूर्ति गरेर बाहिर लैजान दिइरहेको छैन । भूकम्प प्राधिकरणका नाममा जनतालाई गुमराहमा राखेर किन दुख दिने काम भएको छ ? भएको काठ जंगलमै कुहिनेसम्मको अवस्था विद्यमान छ ।

## २.२ जिल्ला वन कार्यालयको प्राबिधिक सहयोग कम

- मौजुदा वन ऐन, वन नियमावली, मार्गदर्शन आदिले जिल्ला वन कार्यालय, सेक्टर वन कार्यालय र इलाका वन कार्यलयलाई नियमनकारी भूमिका दिएको छ । काभ्रेको सन्दर्भमा मात्र भन्दा पनि ५५९ सामुदायिक वन उपभोक्ता समूह र लगभग त्यतिकै संख्यामा कबुलियती बन समूह रहेका छन् । राष्ट्रिय वन त छदैछन् ती समूहको बार्षिक साधारण सभा, कार्ययोजनाले तोकेको हरेक गतिबिधिहरुमा उपस्थित हुन कत्तिको सम्भावना छ । अभ्र त्यहाँ माथि मुद्दा मामिला, मन्त्रालय बिभागले तोकेका अन्य कार्यक्रमहरु त छदैछन् कर्मचारी बिरामी पर्ला बिरामी बिदा चाहियो, पर्व बिदा, अन्य बिदाहरु कटाएर काम गर्ने दिन कति हुन्छ ? त्यसैले यही संरचनाको वन कार्यालय र यही जनशक्तिले कसरी बन ब्यबस्थापनमा सहयोग गर्न सक्छ ?
- जिल्ला वन कार्यालय र यस अन्तर्गतका कर्मचारीहरु सेवा दिन नभ्याउने, बाहिरका प्रबिधिकबाट काम गराउँ भने त्यसको रिस्क लिन नचाहने कारणले पनि ब्यबस्थापनमा जनशक्तिको अभाब छ । भएका कतिपय कर्मचारीहरु अहिलेको आधुनिक प्रबिधि प्रति जानकार जानकार नभएको समेत अवस्था विद्यमान छ ।

## २.३ नीति नियमहरु संरक्षणमुखी छन्

अहिले नेपालको वन क्षेत्रलाई लाग्दै आएको ठूलो आरोप वन ब्यबस्थापन हुन सकेन, स्रोतको उपयोग भएन भन्ने छ र अहिलेसम्मको ब्यबस्थापन प्रणालीलाई प्रश्न चिन्ह खडा गर्दै बैज्ञानिक वन ब्यबस्थापनका राम्रा शब्दमुखी प्रचार गर्न खोजिएको छ । अहिले सम्म बनाइएका ऐन, नियम, निर्देशिका परिपत्र तथा आदेश कुनले, कहिले, वन ब्यवस्थापन गर, काठ निकाल भनेर भनेका छन् ? अहिलेसम्म त जनताले संरक्षण मात्र गरुन, सकभर कम कटानी होस भन्ने अभिप्रायले बार्षिक स्वीकार्य कटान निर्धारण गर्ने गरिएको छ । त्यस स्वीकार्य कटानमा पनि सबै कटान गरी बिक्री बितरण गर्न पाईदैन, काट्दा सकेसम्म

4D रुखमात्र काटोस भन्ने छ । त्यति हुँदाहुँदै पनि कार्ययोजनामा उल्लेखित रुख काट्न धेरै लामो र झन्झटिलो प्रक्रिया बनाईएको छ । अनि कसरी वनको काठ उत्पादन, बिक्री बितरण हुन्छ ?

## २.४ व्यक्ति अनुसार नीति नियमहरुको ब्याख्या

नेपालको वन क्षेत्रमा काम गर्ने दुई थरी मान्छेहरु छन् । एकाथरी वन स्रोत संरक्षण समुदायले गरे, यसको उपयोग तथा व्यवस्थापन पनि समुदायद्वारा नै गरिनु पर्छ, उनीहरुलाई अधिकारबाट बञ्चित गरिनु हुन्न, वनले नै देशलाइ राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा चिनाउने काम गर्‍यो, जसका माध्यमबाट धेरै ब्यक्तिहरुले सिक्ने मौका पाए, त्यसैले समुदाय नै प्रमुख हुनुपर्छ भन्ने मान्यता राख्ने ब्यक्तिहरु छन भने अर्कातिर सामुदायिक वन र समुदायको नामै लिन नचाहने ब्यक्तिहरु छन् उनीहरु समुदायको अधिकार कटौति गर्नु पर्छ भन्ने मान्यता राख्दछन् जसका कारण समुदायले सहज तरिकाले काम गर्न पाईरहेका छैनन् ।

- त्यही ऐन, त्यही नियम, कुनै जिल्ला वन अधिकृत आउँदा समूहलाई अनिबार्य PAN लिनुपर्छ भनियो, कुनै DFO ले सामुदायिक वन नाफा कमाउने, बाँडफाड गर्ने ब्यबसाय हैन यसलाइ PAN लिन आवश्यकता छैन भने विना PAN पनि काम गरिरहेका छन् ।
- समूहको कार्ययोजनाको अबधि सकिसके पश्चात कुनै DFO ले आन्तरिक प्रयोग गर्न सकिन्छ, गर्नोस भनेर सहज बनाएर काम गर्ने गरेको छन् भने कुनैले कार्ययोजना परिमार्जनमा आफ्नो पनि दायित्व छ भन्ने भुलेर त्यो पूरै अबैधानिक हो त्यहाँ संरक्षण बाहेक केही गर्न पाईदैन भनेर फरकफरक बिचार राख्ने गरेको यथार्थता छ ।
- वन कार्ययोजना परिमार्जनको चरण तथा वन कार्ययोजना अनुसारको वन पैदावार निकाल्ने प्रक्रिया साथै अन्य गतिबिधि हुँदै गर्दा कर्मचारीको सरुवा भईदियो भने पुन शुरुदेखिनै नयाँ प्रकृया थाल्नुपर्ने बाध्यता छ । जसका कारण समय तथा रकम बढी खर्च हुने गरेको छ ।
- कोही कर्मचारी अहिलेको विद्यमान कानुन अनुसार काम गरौं अपठ्यारो पर्दैन भन्ने कोही बिगतमा भएका घट्नाहरुलाई स्मरण गर्दै काम गर्न नचाहने आफ्नो जागिरको मात्र सुरक्षा गरेर समय बिताउने किसिमका कर्मचारी हुनाले पनि ब्यक्ति बिशेषको बुझाईमा नीति नियमलाई ब्याख्या गर्ने चलन छ जसका कारण काम उठाउन सकिएन ।

## २.५ ईन्भेन्ट्री गाईडलाईन हो कि थिनिङ गाईडलाईन ?

नेपालको वन क्षेत्रसँग सम्बन्धित कानुनहरु नबनेका होईनन् अझ अन्य क्षेत्रको तुलनामा थुप्रै नीति, नियम, निर्देशिका, परिपत्र अथवा त्यसैले पनि नपुगेर ठाडो आदेशका रुपमा काम गर्ने चलन छ । यसरी बेलाबेलामा बनेका नीति नियमहरु कति कार्यान्वयन हुन्छन् र कती रद्दिको टोकरीमा फ्याकिन्छन् । त्यस्तै मध्येको एउटा मार्गदर्शन बन्यो २०६४ सालमा त्यो विशेष गरी काभ्रे र सिन्धुपाल्चोक लगायतका बृक्षारोपण गरिएका जिल्लाको सल्ला प्रजातिलाई मध्य नजर गरी बनाइएको थियो । जसको नाम “नेपालमा पाटे र खोटे सल्ला, बृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन २०६४” थियो सो मार्गदर्शन २०६४ मा त आयो तर त्यो कार्यन्वयन हुन सकेन । त्यो कार्यान्वयन गर्नेकि नगर्ने भन्ने कुरा स्थानीय स्तरमा मात्र नभई वन प्रबिधिकलाई समेत द्विविधा छ । उनीहरु अझै ईन्भेन्ट्री गाईड लाईनलाई आधार मानेर

कार्ययोजना बनाउनेकि थिनिङ् गाइडलाइन भनेर निर्णय गर्न सकिरहेका छैनन् । जसको कारणले काभ्रे जिल्लाका अधिकांश बृक्षारोपण गरीएका सामुदायिक वनको बवस्था बाक्लो उखुबारी जस्तो छ ।

## ३. समग्र वन क्षेत्र नै त्रसित छ

- नेपालको वनक्षेत्र माथि चौतर्फी रुपमा सबैले आँखा गाडेका छन् । पहिलो त काठ लगायतका वन पैदावार काट्न तथा त्यसको ओसारपसार गर्न वन कर्मचारीहरु नै डराउँछन् । वन, ऐन तथा नियमावली अनुरुप काम गर्दा पनि अख्तियारमा परिएला कि, जागिर जाने हो कि भन्ने डर छ त्यसैले काम गर्न चाहदैनन् ।
- दोस्रो नीति नियम अनुसार काम गर्दागर्दै पनि ब्यक्तिगत रिसिईबी तथा कुनै ब्यक्तिले बेनामे उजुरी गरिदियो भनेपनि सोझासिधा उपभोक्ताहरुले बिनाकाम दुख पाउनुपर्ने, मानसिक तनाब ब्यहोर्नु पर्ने कारणले पनि वन ब्यबस्थापनमा समस्या उत्पन्न छ ।
- त्यसैगरी काठ ओसारपसार गर्दा स्थानीयस्तर देखि सम्बन्धित वजार सम्म पु¥याउन पनि अत्यन्त झन्झट छ । स्थानीय, चुल्ठे, मुन्द्रे, प्रहरी प्रशासन सम्म काठ बोकेको गाडी दुध दिने गाइझै सम्झन्छन । अझ कसैले गलत रिपोर्ट गरेपनि वा काठ देखेकै भरमा काठ बोकेको गाडि समाउने, फर्निचरमा गएर ब्यबसायीलाई धम्क्याउने, पक्रिने लगायतका यावत समस्याको कारण वन क्षेत्र त्रसित छ ।

## ४. निष्कर्ष

माथि उल्लेखित बिगतदेखि बर्तमानसम्मको वनको अबस्थालाई मध्यनजर गर्दा, यसको ब्यवस्थापनमा देखिएका सवाल र चुनौतिका बावजुद वनक्षेत्र यो अबस्था सम्म आउनु उपलब्धिमूलक नै मान्नुपर्दछ । वन ब्यबस्थापनको महत्वपूर्ण पाटोलाई कसरी अगाडि बढाउने भनेर सोचिरहँदा माथि उल्लेखित कमीकमजोरीका कारण अपेक्षाकृत रुपमा वन ब्यबस्थापन हुन नसकेको हो । समुदायले नचाहेर, नजानेर वा बिगतका नीति नियम कार्यन्वयन नगरेर यो समस्या आएको होईन भन्नेमा दुईमत छैन । माथि उल्लेखित संस्थागत समस्या र चुनौतीलाई हल गर्दै समय सापेक्ष समुदायमुखी वन ब्यबस्थापनको योजना ल्याउनु नै आजको आबश्यकता हो । यसमै सबै समुदाय, सरकारवालाका साथै समग्र राज्यको हित हुनेछ ।

जय सामुदायिक वन ।